# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

नेपाल आर्थिक पत्रकार समाजको एक प्रतिनिधि मण्डलले गभर्नर डा. युवराज खतिवडासँग आज भेट गरी समसामयिक आर्थिक, वित्तीय तथा मौद्रिक विषयमा छलफल गर्‍यो । सो प्रतिनिधि मण्डल समाजका अध्यक्ष श्री प्रदीप चापागाइँको नेतृत्वमा आएको थियो ।



भेटघाट कार्यक्रममा मुलुकको आर्थिक, मौद्रिक तथा वित्तीय अवस्थाबारे सङ्क्षिप्त प्रकाश पार्नुहुँदै गभर्नर डा. युवराज खतिवडाले ५ महिना सम्मको उपलब्ध तथ्याङ्कका आधारमा देशको आर्थिक स्थिति सकारात्मक दिशातर्फ गइरहेको भए पनि स्थिति चुनौती भने रहेको बताउनु भयो । यही क्रममा उहाँले विदेशी मुद्रा सञ्चिति सन्तोषजनक रूपले बढिरहेको, बाह्य क्षेत्र बलियो हुँदै गएको, मुद्रास्फीति दर क्रमशः न्यूनीकरण हुँदै गएको, सेवा क्षेत्रको आय बढ्दै गएको, बैंक तथा वित्तीय संस्थामा निक्षेपको वृद्धि सन्तोषजनक रहेको, मर्जर प्रक्रियामा जानका लागि बैंक तथा वित्तीय संस्थाले तत्परता देखाइरहेको विषयबारे जानकारी गराउनु भएको थियो । सो अवसरमा पत्रकारहरूको जिज्ञासा समाधान गर्दै डा. खतिवडाले नेपाल राष्ट्र बैंकले प्रकाशन गर्ने मुद्रास्फीति दर र जनताले भोगिरहेको मूल्य वृद्धि भाराङ्कका कारण फरक पर्न सक्ने तर त्यसको सैद्धान्तिक धरातल फरक नरहेको धारणा राख्नु भयो । निक्षेप वृद्धिको तुलनामा कर्जा प्रवाह नबढेको तर्फ सङ्केत गर्दै डा. खतिवडाले व्याजदर घट्ने आशाले पनि यसमा भूमिका खेलेको हुन सक्छ । वाणिज्य बैंकमा ६३ अर्ब र विकास बैंकमा ५ अर्बले निक्षेप वृद्धि भएको तर वित्त कम्पनीमा २ अर्ब निक्षेप घटेको अवस्थाबारे जानकारी गराउनु भयो । 'ग' वर्गका संस्थाबाट संस्थागत निक्षेप झिकिएकाले यसरी निक्षेप घटेको जानकारी दिँदै डा. खतिवडाले यसले तरलतामा असर नपरेको र दीर्घ कालमा वित्त कम्पनीहरू संस्थागत निक्षेपमा भर नपरी सर्बसाधारणको निक्षेप परिचालनमा नै केन्द्रित हुनुपर्ने आवश्यकता औँल्याउनु भयो । उहाँले एक दर्जन जति वित्तीय संस्थालाई मर्जरका लागि सैद्धान्तिक सहमति दिइसकिएको जानकारी दिनुभयो । सीमित वर्गबाट निक्षेप उठाएर र सीमित वर्गमा लगानी गरेर मात्र वित्तीय संस्था चल्न नसक्ने भएकाले अब व्यापक जनसाधारणमा गएर मात्र बैंक तथा वित्तीय संस्था दिगो रूपमा चल्न सक्ने स्पष्ट पार्नुभयो । उहाँले बैंक

तथा वित्तीय संस्थालाई कृषि, ऊर्जा जस्ता क्षेत्रमा कर्जा प्रवाह गर्न प्रोत्साहन गर्न लागिएको जानकारी पनि दिनुभयो ।

घरजग्गा र सेयर बजार वित्तीय क्षेत्रका लागि अन्तर सम्बन्धित रहेको र घरजग्गामा अधिक लगानी भएकाले कर्जा उठ्न नसकी बैंक तथा वित्तीय संस्थाको वित्तीय स्वास्थ्य बलियो हुन नसकेको धारणा राख्दै गभर्नर डा. खतिवडाले यो अवस्था सुध्रिए पछि सेयर बजारमा सकारात्मक प्रभाव पर्ने आशा व्यक्त गर्दै व्यक्तिगत घरकर्जालाई खुकुलो पारिसकिएको तर जग्गा किनबेचबाट पैसा कमाउने प्रवृत्ति निरुत्साहित गर्नुपर्ने धारणा राख्नुभयो । उहाँले बैंक तथा वित्तीय संस्थाको पुस मसान्तको वासलात प्रकाशित भए पनि सेयर मूल्य बढ्ने आशा व्यक्त गर्नु भयो । उहाँले बैंक तथा वित्तीय संस्थासँग ३ वर्षमा लगानी दोब्बर बनाउनका लागि कार्ययोजना माग गरिएको जानकारी दिनुभयो । वस्तु व्यापारतर्फ राम्रो स्थिति नरहेको सङ्केत गर्दै उहाँले वस्तु निर्यातले पेट्रोलियमको आयातलाई पनि धान्न नसक्ने अवस्था रहेको बताउनुभयो । वित्तीय क्षेत्र सुधारतर्फ संकेत गर्दै उहाँले अबको सुधार वित्तीय समावेशीकरणतर्फ केन्द्रित हुनुपर्ने धारणा राख्नु भयो । अन्त्यमा उहाँले उपस्थित पत्रकारहरूलाई कार्यक्रममा जिज्ञाशा राख्नुका साथै सक्रिय सहभागिता जनाउनुभएकामा धन्यवाद दिनुभयो ।

कार्यक्रममा नेपाल आर्थिक पत्रकार समाजका अध्यक्ष श्री प्रदीप चापागाईंले विषय प्रवेश गर्नुभएको थियो भने उपाध्यक्ष श्री गोकर्ण अवस्थीले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

**२०६८ माघ २ गते**

गभर्नरको कार्यालय